तुलसीपुर उपमहानगरपालिकाको ३३ औ कार्यपालिका मिति २०८२/०२/२९ गते बिहीबार बसेको कार्यपालिका बैठकका निर्णयहरु

१. यस अघिका कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. आगामी आ.व.२०८२।०८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा ।

३. चालु आ.व.मा वडा कार्यालयमा पठाइएको सिलिङबाट सम्पन्न हुन बाँकी रहेका आयोजना तथा कार्यक्रम आगामी बर्षको बजेटमा सार्ने सम्बन्धमा ।

४. चा.लु. आ.व. का नगरस्तरीय आयोजना तथा कार्यक्रमको सम्झौता तथा भूक्तानी सम्बन्धमा ।

५. वडा नं. २ को सामूदायिक भवन निर्माण सम्बन्धमा ।

६. वडा नं. ६ को भूमि व्यवस्थापन सहजिकरण समितिको प्रतिवेदन सम्बन्धमा ।

७. विविध सम्बन्धमा ।

**<u>निर्णय नं. १</u>**

प्रस्ताव नं १ मा छलफल गरी यस अघिका कार्यपालिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरी कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u>**

प्रस्ताव नं २ मा छलफल गरी आगामी आ.व.२०८२।०८३ को नीति तथा कार्यक्रम संशोधन सहित स्वीकृत गरी मिति २०८२/०३/ ०८ गते बस्ने नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३</u>**

प्रस्ताव नं ३ मा छलफल गरी चालु आ.व. २०८१/०८२ मा वडा कार्यालयमा पठाइएको सिलिङबाट बजेट विनियोजन भई सम्पन्न हुन बाँकी रहेका आयोजना तथा कार्यक्रमहरु आगामी बर्षको बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

केशवराज पाधे
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिकाको ३३ औ कार्यपालिका मिति २०८२/०२/२९ गते बिहीबार बसेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. ४**

प्रस्ताव नं ४ मा छलफल गरी चा.लु. आ.व. का नगरस्तरीय आयोजना तथा कार्यक्रमको सम्झौता तथा भूक्तानी सम्बन्धमा सम्झौता हुन बाँकी रहेका आयोजना तथा कार्यक्रमहरुको मिति २०८२/०२/३० भित्र सम्झौता सम्पन्न गर्ने र सम्झौता २०८२/३/१० भित्र तथा पँजीगत तर्फको २०८२/०३/१५ गतेभित्र भूक्तानीको लागि पेश गर्न शाखा तथा वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं ५ मा छलफल गरी वडा नं. २ को स्यानीचौरमा सामूदायिक भवन निर्माणको लागि रु १०००००० दश लाख विनियोजन भई सामूदायिक वनको क्षेत्रभित्र सामूदायिक भवन निर्माण कार्य अगाडि बढाइएकोमा बन कार्यालयबाट उक्त स्थानमा सामूदायिक भवन निर्माण नगर्न पत्राचार भएकोले तुलसीपुर २ खैरिपुर कमलपोखरीमा निर्माण गर्न अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं.६ मा छलफल गरी वडा नं. ६ मा भूमिहीन सुकुम्वासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँचको कार्य सकिएकोले वडा नं. ६ को भूमि व्यवस्थापन सहजिकरण समितिको बैठक सम्पन्न गरी प्रतिवेदन नगरस्तरीय भूमि व्यवस्थापन सहजिकरण समितिमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्तावनं. ७ मा छलफल गरी तुलसीपुर उपमहानगरपालिकामा दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**तुलसीपुर उपमहानगरपालिकाको ३३औ कार्यपालिका मिति २०८२/०२/२९ गते बिहीबार बसेको कार्यपालिका बैठकका निर्णयहरु**